नेपाल एसबिआइ बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licenced by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website: www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

## प्रेश विज्ञप्ति

## नेपाल एसबिआई बैंक र नेशनल बैंकिङ्ग इन्स्टिच्युट बीच जानभी (JANBI) सर्टिफिकेशन कोर्षका लागि समझदारीपत्र आदान प्रदान

सोमबार, चैत्र २१, २०७३

नेपाल एसबिआई बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्स्टिच्युट बीच बैंकका कर्मचारीहरुलाई जानबी (Junior Associates of National Banking Institute) सर्टिफिकेशन कोर्ष सम्बन्धी समझदारीपत्र सम्पन्न भएको छ । नेपाल एसबिआई बैंकको प्रधान कार्यालय केशरमहल, लैनचौर स्थित प्रधान कार्यालयमा आज आयोजित एक समारोहबिच नेपाल एसबिआई बैंकको तर्फबाट प्रबन्धक संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री अनुकुल भट्नागर र नेशनल बैंकिङ्ग इन्स्टिच्युटको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री संजिब सुब्बाले समझदारीपत्र आदान प्रदान गर्नु भयो ।

समझदारीपत्र बमोजिम बैंकका २०० कर्मचारीहरुलाई नेशनल बैंकिङ्ग इन्स्टिच्युटले उपलब्ध गराएको "जानवी" सर्टिफिकेशन कोर्षमा समावेश गरिनेछ । उक्त कोर्षका लागि भर्ना भएका प्रशिक्षार्थीहरुलाई नेशनल बैंकिङ्ग इन्स्टिच्युटले तिनवटा किताव, विषयसूची, नियम लगायतका अन्य सामाग्रीहरु उपलब्ध गराउनेछ एवं अभिमुखिकरण कार्यक्रमा समावेश गर्ने जनाएको छ । उक्त प्रमाणपत्रका लागि प्रशिक्षार्थीहरुले एन.वि.आई.द्वारा आयोजना गरिने परिक्षा उत्तिर्ण हुनु पर्छ ।

कार्यक्रममा बोल्दै बैंकका प्रबन्ध संचालक श्री भट्नागरज्यूले बैकिङ्ग द्रुत गतिमा परिवर्तन भै रहेको संदर्भमा बैकिङ्ग सम्बन्धि ज्ञानलाई समय सापेक्ष अधावधिक गरि व्यवसायिक रुपमा चुस्त रहनु आजको आवश्यकता रहेको बताउनुभयो । एन.बि.आई.को जानबी बैंकिङ्ग उद्योगको लागि आवश्यक एवं अत्यन्त उपयोगी रहेको र १५०० भन्दा बढी बैंकरहरुले व्यवसायिक सर्टिफिकेशन प्राप्त गर्न गई रहेको कुरा एन.वि.आई. प्रमुख श्री सुब्बाले जानकारी गराउनुभयो ।

कार्यक्रममा बैंकका नायब सिइओ तथा प्रमुख संचालन अधिकृत श्री शुभकान्त कानुनगो र प्रमुख वित्तीय अधिकृत श्री प्रियरंजन लगायतको उपस्थिती रहेको थियो ।

नेपाल एसबिआई बैंक भारतीय स्टेट बैंकको सहायक कम्पनी हो । बैंकले हाल ७३ वटा व्यवसायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ९२ वटा एटिएम (२ सिडीएम र २ मोवाइल एटिएम सहित) रहेका छन् ।

..............................

प्रमुख संचालन अधिकृत

NEPAL SBI BANK LTD. NEPAL CORPORATE OFFICE KTM.

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4432431

75625